बैठक संख्या: ८४ मिति २०७८/०९/२६ गते

**निर्णय:**

१. कोभिड-१९ को नयाँ भेरियन्ट (ओमिक्रोन) सहितको संक्रमण विश्वका विभिन्न मुलुकहरु लगायत छिमेकी मुलुकहरुमा तीव्र रुपमा फैलिरहेको सन्दर्भलाई दृष्टिगत गरी सो को कास्की जिल्लामा पर्न सक्ने प्रभाव रोकथाम, नियन्त्रणका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क. कोभिड संक्रमणको जोखिमलाई ध्यानमा राखी तोकिएका स्वास्थ्य सुरक्षाका मापदण्डहरु (मास्कको उचित प्रयोग, स्यानीटाइजरको प्रयोग र भौतिक दुरी कायम) अनिवार्य रुपमा पालना गर्न गराउन आम नागरिकहरुमा अनुरोध गर्ने ।

ख. २०७८ माघ ०१ गते देखि २५ जना भन्दा वढि सहभागी हुने भिडभाडजन्य मेला, महोत्सव, सभा, सेमिनार गोष्ठी लगायतका कुनै पनि कार्यक्रम नगर्ने नगराउने । नगरि नहुने नियमित कार्यक्रमको हकमा तोकिएका स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण रुपमा पालना गरी गराई भिडभाड नहुने प्रवन्ध मिलाई, स्थानीय प्रशासनलाई पूर्व जानकारी गराई गर्ने व्यवस्था मिलाउने ।

ग. २०७८ माघ ०१ गते देखि सार्वजनिक सेवा प्राप्तिका लागि कोभिड खोपको कार्ड अनिवार्य रुपमा (मोवाइलमा फोटो भए पनि) देखाउने व्यवस्था लागू गर्ने गराउने यसका लागि जिल्ला स्थित स्थानीय तहहरुले सेवा प्राप्तीको सिफारिस गर्दा वा सेवा प्रवाह गर्दा खोप कार्ड अनिवार्य भएको व्यहोरा सम्बन्धित सेवाग्राहीलाई जानकारी गराई सोही बमोजिम गर्ने गराउने,

घ. जिल्ला स्थित सेवा प्रदायक निकायहरुले सेवा प्रवाह गर्दा सम्भावित संक्रमण जोखिमलाई ध्यानमा राखी तोकिएका स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी गराई उपलब्ध खुल्ला स्थानको अधिकतम उपयोग गरि सकेसम्म खुल्ला स्थानबाट सेवा प्रवाहको व्यवस्था मिलाउने ।

ङ. कोभिड संक्रमित व्यक्तिहरुको उपचारका लागि विगतमा सञ्चालन भएका आईसोलेसन सेन्टरहरु सम्बन्धित सरोकारवाला निकायहरुले आपसी समन्वय गरी सञ्चालनका लागि तयारी अवस्थामा राख्ने

च. जिल्ला कोभिड संकट व्यवस्थापन समितिबाट अनुगमन गर्दा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अक्सिजनको व्यवस्थापन सहित ५० बेड, संक्रकामक तथा सरुवा रोग अस्पतालमा अक्सिजनको व्यवस्थापन सहित ६० बेड र शिशुवा अस्पताल कोभिड उपचार केन्द्रमा अक्सिजनको व्यवस्थापन सहित ५५ बेड तयारी अवस्थामा रहेको र आवश्यक परेमा थप पूर्वाधारको व्यवस्थापन आपसी समन्वयमा गर्ने गराउने ।

२. जिल्लाको कुनै क्षेत्रमा कोभिड संक्रमण देखिएमा स्थानीय अवस्था हेरी जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि, २०७८ बमोजिम सम्बन्धित स्थानीय तहले जोखिमको अवस्था विश्लेषण गरी जिल्ला प्रशासन कार्यालयलाई जानकारी गराउने ।

३. कोभिड १९ संक्रमण प्रतिकार्यका लागि आवश्यक पर्ने थप जनशक्ति तथा पूर्वाधार व्यवस्थापनका लागि गण्डकी प्रदेश सरकारलाई अनुरोध गर्ने ।

४. अस्पतालमा उपचारार्थ आउने कोभिड संक्रमित विरामीहरुको अवस्था हेरी विशेषज्ञ सेवा सहितको उपचारको व्यवस्थापन तथा समन्वय गर्न गराउन पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक डा. भरत बहादुर खत्रीको संयोजकत्वमा संक्रामक तथा सरुवा रोग अस्पताल,गण्डकी प्रदेश पोखराका निर्देशक डा. विकास गौचन, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका कोभिड फोकल पर्सन डा. शरदचन्द्र बराल र शिशुवा अस्पताल कोभिड उपचार केन्द्रका नर्सिङ अधिकृत प्रतिभा कोइराला सदस्य रहने गरी स्वास्थ्य प्राविधिक निर्देशन संयन्त्र (Health Specialist command and Control Team) गठन गर्ने निर्णय गरियो ।

५. सम्बन्धित स्थानीय तहले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा मिति २०७८/०९/२६ मा जारी प्रेस विज्ञप्ति अनुसार कार्य गर्ने गराउने व्यवस्था मिलाउने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

बैठक संख्याः ८४ मिति २०७८/०९/२६ गते

६. कास्की जिल्लामा कोभिड-१९ संक्रमणको अवस्था आकलन, सूचना संकलन तथा विश्लेषण गरी समन्वय गर्न देहाय बमोजिमको समन्वय एवम् सहजीकरण समुह गठन गर्ने निर्णय गरियो ।

| सि.नं | नाम थर | पद | कार्यालय | सम्पर्क नम्बर | |
|---|---|---|---|---|---|
| १. | श्री अनिल कुमार शाही | स.प्र.जि.अ | जिल्ला प्रशासन कार्यालय कास्की | ९८५६०२४५०१ | संयोजक |
| २. | श्री हेमन्त शर्मा पौडेल | प्रमुख | स्वास्थ्य महाशाखा पोखरा म.न.पा | ९८५११८९३१४ | सदस्य |
| ३. | श्री मित्र बहादुर नेपाली | सेनानी | भगवतीदल गण फुलबारी व्यारेक | ९८४१६७०३७४ | सदस्य |
| ४. | श्री सुन्दर तिवारी | प्र.ना.उ | जिल्ला प्रहरी कार्यालय कास्की | ९८५६०३५५१२ | सदस्य |
| ५. | श्री सुर्य प्रसाद तिमिल्सिना | स.प्र.ना.उ | २४ नं हे.क्वा कालिका गण मालेपाटन | ९८५१२५८०७७ | सदस्य |
| ६. | डा. शरदचन्द्र बराल | फोकल पर्सन | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | ९८५६०५६१३३ | सदस्य |
| ७. | डा. विकास गौचन | निर्देशक | संक्रामक तथा सरुवा रोग अस्पताल, कास्की | ९८५६०४२३४१ | सदस्य |
| ८. | श्री नर बहादुर सारु | फोकल पर्सन | स्वास्थ्य कार्यालय कास्की | ९८५६०५१८५६ | सदस्य- सचिव |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

बैठक संख्याः ८४ | मिति २०७८/०९/२६ गते

६. कोभिड संक्रमणको जोखिम न्यूनिकरण तथा संक्रमण पश्चात संक्रमितहरुको उपचार व्यवस्थापनका सम्बन्धमा देहायका सरोकारवाला निकायहरुले निम्नानुसार जिम्मेवारी बहन गर्ने निर्णय गरियो ।

| जिम्मेवार निकाय | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | पोखरा महानगरपालिका र स्थानीय तहहरु | जिल्ला प्रशासन कार्यालय र जिल्ला स्थित सुरक्षा निकायहरु | स्वास्थ्य कार्यालय, कास्की |
|---|---|---|---|---|
| जिम्मेवारी | • विगतमा सञ्चालित ५० वेड क्षमताको आइसोलेसन कक्ष आवश्यक सामाग्री, जनशक्ति लगायतको पूर्वाधार सहितको व्यवस्था मिलाई तत्काल सुचारु गर्ने ।<br>• पोखरा महानगरपालिकालाई कोभिड-१९ प्रतिरोधात्मक कार्यका लागि आवश्यक समन्वयमा विशेषज्ञ सेवा उपलब्ध गराउने । | • आफ्नो स्थानीय तहमा हुने संक्रमितहरुको उपचारका लागि आइसोलेसन कक्षहरुको सञ्चालन, स्वास्थ्य संस्थाहरुलाई प्रभावकारी परिचालन, होम आइशोलेसनमा बस्ने संक्रमितहरुको निगरानी, स्वास्थ्य सुविधा र नियमित फलोअप गर्ने व्यवस्था गर्ने<br>• पालिकास्तरमा स्वास्थ्यसंग सम्बन्धित जनशक्ति परिचालन तथा कोभिड परीक्षणको व्यवस्था मिलाउने<br>• कोभिड संक्रमणबाट मृत्यू भएका व्यक्तिको शव व्यवस्थापन सम्बन्धित पालिकाले गर्ने,<br>• पोखरा महानगरपालिकाले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट आवश्यक विशेषज्ञ सेवा प्राप्त गर्न र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा हाल काररमा कार्यरत स्वास्थ्यकर्मीलाई निरन्तरता दिन आवश्यक सहयोग पोखरा महानगरपालिकाले गर्ने,<br>• पोखरा महानगरपालिकाले अस्पतालमा मृत्यू भएका संक्रमितहरुको शव व्यवस्थापनका लागि स्थान व्यवस्थापन गर्ने ।<br>• स्वास्थ्य कार्यालय, कास्कीसँग समन्वय गरी सबैको पहुच हुने स्थानमा एन्टीजन परीक्षण र खोपको प्रवन्ध मिलाउने । | • जिल्लामा विदेशबाट भित्रने नेपाली नागरिक तथा विदेशी पर्यटकहरुको विवरण संकलन तथा कोभिड परीक्षण एवम् खोप सेवा प्रदान गर्न समन्वय सहजीकरण गर्ने ।<br>• स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्न गराउने,<br>• जिल्लामा कोभिड संक्रमणको अवस्था, स्थानीय तहको सिफारिस लगायतको अवस्था विश्लेषण गरी स्मार्ट लकाडाउन सम्बन्धी कार्यविधी २०७८ र एकीकृत कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचार कार्ययोजना,२०७८ बमोजिम आवश्यक निर्णय गर्ने ।<br>• जिल्ला स्थित सुरक्षा निकायहरुले जिल्लाका प्रवेश विन्दु, सार्वजनिक यातायात, सार्वजनिक स्थलमा स्वास्थ्य सुरक्षा मापदण्ड पालना र चेकजाँचलाई थप प्रभावकारी बनाउने ।<br>• स्थानीय तह, स्थानीय सञ्चार माध्यम, नागरिक समाजको सहयोगमा स्वास्थ्य सुरक्षा सम्बन्धी सचेतना कार्यक्रम गर्ने गराउने । | • जिल्लामा कोभिड संक्रमितहरु विवरण संकलन गरी सम्बन्धित निकायमा रिपोर्टिङ्ग गर्ने,<br>• कोभिड संक्रमण रोकथाम नियन्त्रण र संक्रमित हरुको उपचार व्यवस्थापनमा आवश्यक जनशक्ति सरोकारवाला निकायहरुसँगको समन्वयमा व्यवस्थापन गर्न सहयोग गर्ने ।<br>• स्थानीय तहहरुको स्वास्थ्य महाशाखासँग समन्वय गरी PCR तथा Antigen परीक्षणको दायरा बढाउने ।<br>• खोप र स्वास्थ्य परीक्षणलाई सबैको पहुँच हुने स्थानमा सरल तरिकाले प्रदान गर्ने व्यवस्था मिलाउने ।<br>• पोखरा महानगरपालिकासँग समन्वय गरी सबैको पहुच हुने स्थानमा एन्टीजन परीक्षण र खोपको प्रवन्ध मिलाउने । |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय कास्की

जयनारायण आचार्य
प्रमुख जिल्ला अधिकारी

बैठक संख्याः ८४ मिति २०७८/०९/२६ गते

**आज मिति २०७८/०९/२६ गते कास्कीका प्रमुख जिल्ला अधिकारी श्री जयनारायण आचार्यज्यूको संयोजकत्वमा देहायको उपस्थितिमा जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को बैठक बसी निम्नानुसार निर्णय गरियो ।**

**उपस्थिती :**

| | | | |
|---|---|---|---|
| श्री जयनारायण आचार्य | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, कास्की | संयोजक |
| श्री दिवाकर कार्की | प्रमुख सेनानी | नेपाली सेना,भगवती दल गण, पोखरा | सदस्य |
| श्री रमेश थापा | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, कास्की | सदस्य |
| श्री सुर्य प्रसाद तिमिल्सिना | सशस्त्र नायब प्रहरी उपरीक्षक | नं २४ सशस्त्र प्रहरी कालिका गण, कास्की | सदस्य |
| डा. भरत बहादुर खत्री | निर्देशक | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान,कास्की | सदस्य |
| श्री गोपी कृष्ण अर्याल | शाखा अधिकृत | जिल्ला समन्वय समितिको कार्यालय, कास्की | सदस्य |
| श्री नर बहादुर सारु | कोभिड फोकल पर्सन | स्वास्थ्य कार्यालय, कास्की | सदस्य |

**आमन्त्रित :**

| | | |
|---|---|---|
| श्री बलराम रिज्याल | प्रमुख प्रशासकीय अधिकृत | पोखरा महानगरपालिका, कास्की |
| श्री अनिल कुमार शाही | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, कास्की |
| श्री हेमन्त शर्मा पौडेल | प्रमुख,स्वास्थ्य महाशाखा | पोखरा महानगरपालिका,कास्की |
| डा.शरदचन्द्र बराल | कोभिड फोकल पर्सन | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान |
| डा. विकास गौचन | कार्यकारी निर्देशक | संक्रामक तथा सरुवा रोग अस्पताल,कास्की |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की